मानननीय प्रदेश प्रमुख यज्ञराज जोशीले
कर्णाली प्रदेश सभामा प्रस्तुत गर्नुभएको

कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८३/०८४ को

# नीति तथा कार्यक्रम

कर्णाली प्रदेश सरकार
२०८३

## माननीय प्रदेश प्रमुख यज्ञराज जोशीले
## कर्णाली प्रदेश सभामा प्रस्तुत गर्नुभएको

### कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८३/०८४ को

# नीति तथा कार्यक्रम

**कर्णाली प्रदेश सरकार**

२०८३ जेठ २० गते

**प्रदेश सभाका माननीय सभामुख,**
**प्रदेश सभाका माननीय सदस्यहरू,**

प्रदेश प्रमुखको रूपमा कर्णाली प्रदेशको गरिमामय प्रदेश सभासमक्ष प्रदेश सरकारको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रममार्फत सम्बोधन गर्न पाउँदा गौरवको अनुभूति गरेको छु।

यस अवसरमा लोकतान्त्रिक आन्दोलनका अग्रजहरूलाई स्मरण गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना एवम् मुलुकको सर्वाङ्गीण विकास, समृद्धि, सुशासन र अग्रगमनको लागि विभिन्न समयमा भएका जनआन्दोलन, सशस्त्र सङ्घर्ष, कर्णाली प्रदेश प्राप्तिका लागि भएको आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। बेपत्ता भएका सबैलाई विशेष स्मरण गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु।

यो नीति तथा कार्यक्रम तर्जुमा गर्दा **समृद्ध कर्णालीः सुखारी कर्णालीवासी**को दीर्घकालीन परिकल्पना कार्यान्वयन गर्न कर्णाली प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजना, प्रदेश सरकारका विद्यमान नीति तथा कानून, प्रदेश सभामा प्रस्तुत भएको आर्थिक वर्ष २०८३/०८४ को बजेटका सिद्धान्त तथा प्राथमिकता र वर्तमान राजनीतिक, सामाजिक तथा आर्थिक परिवेश एवम् कर्णाली प्रदेश सरकारले विगतदेखि नै कार्यान्वयनमा ल्याएका नीति तथा कार्यक्रमहरूको प्रभावलाई समेत आधार बनाएर प्रस्तुत नीति तथा कार्यक्रममा देहायका विषयलाई प्राथमिकतामा राखिएको छ।

(क) कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै खाद्य उत्पादनमा आत्मनिर्भर तथा निर्यातलाई प्रोत्साहन गर्ने,
(ख) शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्दै शैक्षिक गुणस्तर सुधारमार्फत सुसंस्कृत मानव पुँजीको विकास गर्ने,

(ग) स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच र गुणस्तर सुनिश्चित गर्नका लागि स्वास्थ्य सेवाको विस्तार र सुदृढीकरण गर्ने,

(घ) व्यवसायिक सिप एवम् उद्यमशीलता विकास गरी रोजगारी तथा स्वरोजगारीका अवसर सिर्जना गर्दै युवामा सकारात्मक रूपान्तरण ल्याउने,

(ङ) दिगो र गुणस्तरीय सडक सञ्जालको विकास र विस्तार गर्दै प्रदेशको समग्र भौतिक पूर्वाधारको विकास गर्ने,

(च) स्वच्छ एवम् सर्वसुलभ खानेपानी सेवा तथा सिँचाइ सुविधा र ऊर्जा क्षेत्रको विकास तथा विस्तार गर्ने,

(छ) वन क्षेत्रको दिगो व्यवस्थापनमार्फत आयआर्जन, जीवनस्तर सुधार, पर्यापर्यटन तथा वातावरण संरक्षण गर्ने,

(ज) प्रशासनिक संरचनाको सुदृढीकरण तथा सूचना प्रविधिमा आधारित सेवा प्रवाहमार्फत सुशासन कायम गर्ने,

(झ) बहुवर्षीय तथा स्रोत सुनिश्चितता प्राप्त आयोजनामा पर्याप्त रकम विनियोजन गर्दै विनियोजन दक्षता कायम गरी आयोजना सुशासन कायम गर्ने,

(ञ) प्रशासनिक खर्चमा मितव्ययिताको सिद्धान्त अवलम्बन गर्दै शून्य बेरुजु अभियानमार्फत वित्तीय सुशासन प्रवर्द्धन गर्ने।

**माननीय सदस्यहरू,**

१. कृषि क्षेत्रलाई आधुनिकीकरण, विविधीकरण, व्यवसायीकरण, यान्त्रिकीकरण र बजारीकरण गरी प्रदेशलाई खाद्यान्नमा आत्मनिर्भर बनाउने नीति लिइनेछ। कृषि क्षेत्रमा लगानी विस्तार गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्न व्यावसायिक कृषक, कृषक समूह, सहकारी तथा फर्मलाई व्यावसायिक खेती तथा पशुपालनमा प्रवाह भएको कृषि कर्जाको ब्याजमा सहुलियत उपलब्ध गराइने छ। कृषिको

व्यवसायीकरणमार्फत उद्यमशीलता सिर्जना गर्दै प्रदेशभित्र रोजगारी सिर्जना गर्न पाँच हेक्टरभन्दा बढी क्षेत्रफलमा कृषि व्यवसाय गर्ने उद्यमी तथा व्यवसायीले कृषि ऋण लिँदा ब्याजमा शतप्रतिशत सहुलियतको व्यवस्था गरिने छ। पशुपालन व्यवसायमा मापदण्ड तयार गरी कार्यान्वयन गरिने छ। दुई हेक्टरभन्दा बढी जमिनमा कृषि व्यवसाय र फलफूल खेती गर्ने सहकारी फर्म, कम्पनी, कृषक समूहलाई लागत सहभागिताको आधारमा अनुदानको व्यवस्था गरिने छ।

२. **स्वस्थ माटो, दिगो उत्पादन**को अवधारणा अनुसार प्रदेशभर माटो परीक्षण सेवाको पहुँच विस्तार गरिने छ। स्थानीय तहमा माटो परीक्षण शिविर सञ्चालन गरी माटो स्वास्थ्य कार्ड वितरण गरिने छ। जैविक मल तथा जैविक विषादी प्रयोगमा सहुलियत दिने नीति अवलम्बन गरिने छ। सन्तुलित मल प्रयोगलाई प्रोत्साहन गर्दै भर्मीकम्पोस्ट, हरियो मल, सूक्ष्मजीवजन्य मलको उत्पादन र प्रयोग विस्तार गरिने छ।

३. सल्यानको कपुरकोट र सुर्खेतको हर्रेमा विषादी अवशेष परीक्षण सेवा सञ्चालन गरिने छ। स्थानीय तहको समन्वयमा **एक स्थानीय तह, एक कृषि पाठशाला** कार्यक्रममार्फत पर्यावरणमैत्री तथा प्राङ्गारिक कृषिसम्बन्धी जनचेतना अभिवृद्धि र **सिक्दै कमाउँदै** कार्यक्रम सञ्चालन गरिने छ। गुणस्तरीय बिउ प्रणाली विकासको लागि बिउ उत्पादन क्षेत्र विस्तार, जलवायु सहनशील बिउ प्रवर्द्धन, सामुदायिक बिउ बैङ्क स्थापना तथा बिउ बजार सुदृढ गरिने छ।

४. कृषि उत्पादनलाई दिगो, प्रतिस्पर्धी र बजारमुखी बनाउन सम्भावित जिल्लाहरूमा भौगोलिक विशेषता अनुसार कृषि तथा पशुपन्छी स्रोत

केन्द्र स्थापना गरी स्रोत केन्द्रमार्फत गुणस्तरीय बिउ, वेर्ना तथा पशुपन्छी उत्पादन गरी आपूर्ति सुनिश्चितताको साथै नमुना सिकाई केन्द्रको रूपमा विकास गरिने छ।

५. खाद्यान्न उत्पादन, फलफूल तथा नगदेबाली क्षेत्रको विकासको लागि **बाली विशेष उत्पादन मिसन अभियान** अन्तरगत बगैंचा विस्तार, पुनःस्थापना तथा गुणस्तरीय बिरुवा उत्पादनमा जोड दिइने छ। स्याउ, ओखर, हलुवावेद, सुन्तला जात, किवी, ड्रागन फ्रुट, आँप, लिची, केरा, स्ट्रबेरीलगायतका फलफूलको व्यावसायिक उत्पादनलाई प्राथमिकताका साथ प्रवर्द्धन गर्दै **एक गाउँ, एक व्यावसायिक फलफूल बगैंचा** कार्यक्रमलाई निरन्तरता दिइने छ। प्रदेशको भौगोलिक तथा जलवायु विशेषता अनुसार सुर्खेत र मुगु जिल्लामा कपास खेतीको प्रवर्द्धन गरी व्यवसायीकरण गरिने छ।

६. उपल्लो कर्णालीका उपयुक्त स्थानमा स्याउखेतीको क्षेत्र विस्तारका लागि उन्नत बिरुवा, बीमा र अनुसन्धान कार्यक्रम लागु गरिने छ। कर्णालीमा उत्पादित स्याउको विशिष्ट जैविक र पौष्टिक गुणमा जोड दिँदै **राष्ट्रव्यापी ब्रान्डिङ अभियान** सञ्चालन गरिने छ। स्याउ विकास बोर्ड गठनसम्बन्धी ऐन तर्जुमा गरी संस्थागत कार्यान्वयन सुरु गरिने छ।

७. **रैथाने बाली, आत्मनिर्भर कर्णाली**को अभियान अनुसार स्थानीय बालीको संरक्षण, प्रवर्द्धन तथा व्यवसायीकरण गरिने छ। जिल्लामा रैथाने बाली संरक्षण क्षेत्र निर्धारण गरिने छ। रैथाने बाली तथा बिउ संरक्षण गर्ने कृषकलाई प्रोत्साहन सहयोग उपलब्ध गराइने छ। भौगोलिक सङ्केत प्रमाणपत्र प्राप्तिसहित **मूल्यवान कर्णाली किसानको सम्पदा** नामक लोगोलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय

बजारमा स्थापित गर्न आवश्यक सहजीकरण गरिने छ। विद्यालय तथा सरकारी निकायमा स्थानीय उत्पादनमा आधारित खाद्य उपयोगलाई प्रोत्साहन गरिने छ।

८. **कर्णाली हाई-भ्यालु क्रप करिडोर** स्थापना गरी उत्पादन, प्रशोधन तथा बजारीकरणलाई एकीकृत मूल्य शृङ्खलामा आबद्ध गरिने छ। नयाँ कृषक तथा उद्यमीलाई प्रारम्भिक चरणमा आवश्यक पर्ने ज्ञान तथा प्राविधिक सहयोग उपलब्ध गराइने छ। प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तरसम्बन्धी आवश्यक कानूनी व्यवस्था मिलाइने छ।

९. कृषि उत्पादनको सुनिश्चित बजार तथा किसानको आय अभिवृद्धिको लागि किसान, सहकारी र निजी क्षेत्रबिच उत्पादन तथा खरिद सम्झौतामा आधारित कृषि प्रणाली प्रवर्द्धन गर्दै चक्लाबन्दी, सामूहिक खेती र करार खेतीलाई प्रोत्साहन गरिने छ। उत्पादन र उत्पादकत्व वृद्धि गर्न साना सिँचाइ कार्यक्रम विस्तार गरिने छ। सीमान्तकृत, भूमिहीन, हलियामुक्त तथा विपन्न वर्गका लागि खाद्य तथा पोषण सुरक्षामूलक जीविकोपार्जन कार्यक्रम सञ्चालन गरिने छ।

१०. कृषि तथा पशुपन्छीसम्बन्धी तालिम प्रदायक संस्थालाई **कृषि सिप तथा उद्यम विकास हब**का रूपमा विकास गरिने छ। डिजिटल कृषि सेवा, प्राकृतिक कृषिका नमूना फर्म तथा प्रदर्शन प्लट स्थापना गरी व्यावहारिक सिप विकास र कृषि उद्यमशीलता प्रवर्द्धन गरिने छ।

११. एकीकृत कृषि विकासमार्फत प्राकृतिक खेती, प्राङ्गारिक खेती तथा स्थानीय उत्पादनमा आधारित कृषि पर्यटन प्रवर्द्धन गरिने छ। कृषि

पर्यटन गन्तव्य तथा एग्रो टुरिजम भिलेज विकास गरी स्थानीय उत्पादनको ब्रान्डिङ, बजार पहुँच, आयात व्यवस्थापन, रोजगारी सिर्जना तथा युवा उद्यमशीलता प्रवर्द्धन गरिने छ।

१२. पशुपन्छी तथा मत्स्य क्षेत्रको व्यवसायीकरणको लागि विशेष उत्पादन क्षेत्र विकास गरिने छ। कर्णालीका जुम्ला, हुम्ला, कालीकोट, मुगु र डोल्पा जिल्लामा भेडा र च्याङ्ग्राको क्लस्टर विकास गरी मासु र उन उत्पादन प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिने छ। सुर्खेत र दैलेख जिल्लामा मत्स्य व्यवसायलाई प्राथमिकताका साथ विकास गर्दै पोखरी निर्माण तथा प्राविधिक सेवा विस्तार गरिने छ। सुर्खेत, दैलेख, सल्यान, जाजरकोट र रुकुम पश्चिम भागमा डेरी स्थापनाको लागि प्रोत्साहन गरिनुको साथै खोरेत रोग उन्मूलन कार्यक्रम सञ्चालन गरिने छ। खोप अभियान तथा सङ्क्रामक रोग नियन्त्रण कार्यक्रम सुदृढ बनाइने छ।

१३. **आफ्नै गोठ, आफ्नै स्रोत** अभियानका साथ सुर्खेत, दैलेखलगायतका जिल्लामा कृत्रिम गर्भाधान सेवा विस्तार, स्थानीय नस्ल संरक्षण तथा सुधार, पाडीबाच्छी हुर्काउन प्रोत्साहन सहयोग, गोठ सुधार, घाँस खेती र साइलेज उपयोगमा प्रवर्द्धन गरिने छ। अण्डा, दुध र मासुको बजार सुनिश्चित गर्न सङ्कलन केन्द्र, चिस्यान शृङ्खला तथा सुधारिएको बधस्थलको पूर्वाधार विकास गरिने छ।

१४. प्राकृतिक तथा जलवायु अनुकूल कृषि प्रणालीलाई प्रवर्द्धन गर्दै प्राङ्गारिक खेती, उत्पादन प्रमाणीकरण तथा बजारीकरणमा विशेष जोड दिइने छ। कृषि उपजको प्रशोधन तथा मूल्य अभिवृद्धिको लागि उद्योग सञ्चालनमा प्रोत्साहन गरिने छ। बाली उत्पादन,

पशुपालन तथा चरन व्यवस्थापनको एकीकृत विकासमार्फत बाली पशुपालन एकीकृत कृषि प्रणाली (Crop–Livestock Integrated Farming System) लाई प्रवर्द्धन गरिने छ।

१५. प्राकृतिक प्रकोप तथा विभिन्न जोखिमबाट हुने आर्थिक क्षतिको न्यूनीकरण गर्न व्यावसायिक कृषकलाई कृषि बीमाको दायरामा ल्याइनेछ। कृषि बीमामा आबद्ध भएका किसानलाई विशेष कार्यक्रम सञ्चालन गरिने छ। किसानको पहिचान, सूचीकरण तथा वर्गीकरण गरी किसान सूचीकरण व्यवस्थापन प्रणालीमा आबद्ध गरिने छ। परम्परागत अनुदान प्रणालीलाई क्रमशः सुधार गर्दै कृषि क्षेत्रमा उपलब्ध गराइने अनुदानलाई उत्पादन, उत्पादकत्व, रोजगारी सिर्जना तथा बजार सुनिश्चिततासँग आबद्ध गरी प्रोत्साहन सहयोगको रूपमा उपलब्ध गराइने छ।

१६. प्रदेश कार्यक्षेत्र रहेका सहकारीहरूको प्रभावकारी नियमन, क्षमता विकास, सहकारी शिक्षा, वित्तीय र व्यावसायिक साक्षरतामार्फत स्रोतसाधन र पुँजीलाई उत्पादनशील एवम् आयमूलक क्षेत्रमा परिचालन गरी कृषि उपजको बजारीकरण गर्न प्रोत्साहन गरिने छ। स्थानीय तहको समन्वयमा सहकारी सङ्घ-संस्थाहरूको संस्थागत सुदृढीकरण तथा क्षमता विकास गरिने छ।

१७. भूमिसम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन गरी सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण, गुठी व्यवस्थापन तथा संरक्षणका साथै खेतीयोग्य जमिनको संरक्षण गर्दै बाँझो जमिनको पहिचान गरी व्यावसायिक खेतीमा युवालाई आकर्षित गरिने छ।

**माननीय सदस्यहरू,**

१८. प्रदेश अस्पताल, सुर्खेतलाई स्वास्थ्य विज्ञान प्रतिष्ठानको रूपमा विकास गर्न कानून तर्जुमा गरिने छ। स्वास्थ्य सेवाको विस्तार र सुदृढीकरणका लागि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग सहकार्य गरिने छ। प्रदेश अन्तर्गतका सबै अस्पतालहरूलाई प्रदेश सरकारको नामबाट नामाकरण गरी ती अस्पतालमा दरबन्दी अनुसारको विशेषज्ञ चिकित्सकको व्यवस्था गरी स्तरोन्नति गरिने छ। स्थानीय तहबाट सञ्चालित विरामीको चाप भएका अस्पताललाई भौतिक पूर्वाधारसहित स्वास्थ्य सेवा सुदृढीकरणमा सहयोग गरिने छ। हरेक स्वास्थ्य संस्थाको अभिलेखलाई डिजिटलाइज गरिने छ।

१९. प्रादेशिक अस्पताल तथा आधारभूत अस्पतालको प्रयोगशाला सेवाको सुदृढीकरण गरिने छ। प्रादेशिक जनस्वास्थ्य प्रयोगशालालाई प्रेषण प्रयोगशालाका रूपमा सुदृढीकरण गर्दै स्वास्थ्य अनुसन्धान गर्ने व्यवस्था मिलाइने छ। विद्यार्थीको चाप बढी भएका विद्यालयमा नर्सिङ सेवा उपलब्ध गराइने छ। समुदाय स्वास्थ्य प्रवर्द्धन गर्न विद्यालयस्तरका विद्यार्थीहरूलाई हेल्थ एम्बेसडरका रूपमा विकास गर्न **लिटिल डाक्टर कार्यक्रम** सञ्चालन गरिने छ।

२०. क्यान्सर, मुटु, मृगौला, अलजाइमर, पार्किन्सन, एनिमिया, रिकेट्स, सिकलसेल एनिमिया, स्पाइनल इन्जुरी र अटिजम जस्ता दीर्घ र जटिल रोगबाट ग्रसित बिरामीको उपचारमा सहायता प्रदान गरिने छ। आकस्मिक स्वास्थ्य उपचार कोषको स्थापना तथा सञ्चालनलाई निरन्तरता दिईनेछ र प्रतिकार्यमा उक्त कोषको प्रयोग गरिने छ। ट्रपिकल रोगको निवारणका लागि आवश्यक पहल गरिने छ।

२१. बढ्दो नसर्ने रोगको पहिचान गर्न ज्येष्ठ नागरिक, एकल महिला तथा अपाङ्गहरूको समुदायस्तरमा स्वास्थ्य परीक्षण गरी रोगको पहिचान गर्ने व्यवस्था मिलाइने छ। फागुन महिनालाई नसर्ने रोग स्क्रिनिङ, वैशाखलाई खोप महिना, जेठलाई पोषण महिना, मङ्सिर र चैत्रलाई स्थलगत अनुशिक्षण तथा अनुगमन महिनाको रूपमा कार्यान्वयन गरिने छ।

२२. योग, ध्यान, जीवनशैली परिवर्तन तथा मनोसामाजिक स्वास्थ्य प्रवर्द्धन प्याकेज तयार गरिने छ। कर्णालीलाई आरोग्य पर्यटनको हबको रूपमा विकास गर्न **कर्णाली समग्र आरोग्यता अभियान** सञ्चालन गरिने छ। स्थानीय तहमा योग केन्द्रको स्थापनाका लागि समन्वय गरिने छ।

२३. **एक जिल्ला एक नमूना स्वास्थ्य स्थानीय तह** अभियानको सुरुवात गरिने छ। पूर्ण संस्थागत सुत्केरी कार्यलाई अनिवार्य गर्दै प्रेषण प्रणालीलाई सुदृढ गरिने छ। एक स्वास्थ्य पद्धति (One Health Approach) को पूर्ण कार्यान्वयन गरिने छ। जलवायु परिवर्तनको असरले वृद्धि भइरहेका कीटजन्य रोगहरूको सक्रिय खोजपड्ताल (Surveillance) गरी रोकथामका आवश्यक कार्यहरू गरिने छ। प्रदेश अस्पतालसहित अस्पतालहरूमा उपचाररत **विपन्न र ज्येष्ठ नागरिक**लाई नेपाल रेडक्रस सोसाइटीसँगको समन्वयमा निःशुल्क रूपमा रगत उपलब्ध गराउने व्यवस्था मिलाइने छ।

२४. लैङ्गिक समानता तथा समावेशीकरणका लागि सामाजिक सचेतीकरणका कार्यक्रम सञ्चालन गरिने छ। दलित, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र राउटेलगायत लोपोन्मुख तथा सीमान्तकृत वर्ग र समुदायको सशक्तीकरणको लागि लक्षित

कार्यक्रम सञ्चालन गरिने छ। महिला सशक्तीकरणका लागि सिपमूलक तथा उद्यमशीलता विकासका कार्यक्रम सञ्चालन गरिने छ। लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकाको उद्धार, संरक्षण तथा पुनर्स्थापनाका लागि अल्पकालीन सेवा केन्द्रको सहयोगलाई निरन्तरता दिँदै दीर्घकालीन पुनर्स्थापनामा अनुदान उपलब्ध गराइने छ।

२५. अपाङ्गता रोकथाम तथा पुनर्स्थापनाका लागि अपाङ्गता साझेदारी कार्यक्रम सञ्चालन गरिने छ। मानव सेवा आश्रम, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र र वृद्धाश्रमलगायतका कल्याणकारी सामुदायिक संस्थाहरूको सञ्चालन तथा व्यवस्थापनमा आवश्यक सहयोग गरिने छ।

२६. बालबालिकाको संरक्षण र विकासका लागि बालबालिकासम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा र कार्यान्वयन गरी बालमैत्री शासन पद्धति स्थापित गरिने छ। स्थानीय तहलाई बालमैत्री, छाउपडीमुक्त, छुवाछुतमुक्त र बालविवाहमुक्त स्थानीय तह घोषणा गर्न प्रोत्साहन गरिने छ।

२७. कर्णाली प्रदेशको शिक्षा नीति तथा दश वर्षे शिक्षा योजना (२०८३/०८४-२०९३/०९४) तर्जुमा गरी कार्यान्वयन गरिने छ। प्रदेशमा सञ्चालित सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण तथा सुधारका कार्यक्रम सञ्चालन गरिने छ। विद्यालयमा डिजिटल पूर्वाधार विस्तार गरी शैक्षिक क्रियाकलापमा प्रविधिको प्रयोग बढाइनेछ। विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षकको क्षमता तथा पेसागत विकासका कार्यक्रम सञ्चालन गरिने छ। शैक्षिक गुणस्तर सुधार र विद्यार्थी ड्रप आउट न्यूनीकरण

गर्न स्थानीय तहलाई थप वित्तीय तथा प्राविधिक सहायता प्रदान गरिने छ। शिक्षक विद्यार्थी अनुपात उच्च रहेका विद्यालयका लागि शिक्षण अनुदान उपलब्ध गराउने कार्यक्रमलाई विस्तार गरिने छ।

२८. युवाको प्राविधिक ज्ञान र सिप विकास गरी दक्ष र सिपयुक्त जनशक्ति उत्पादन गर्न प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम प्रदायक शिक्षण संस्थाहरूको गुणस्तर सुधारका कार्यक्रम सञ्चालन गरिने छ। अनुसन्धान तथा प्राविधिक शिक्षालाई प्रदेशको विकास आवश्यकतासँग जोडिने छ। **उत्पादन प्रशिक्षार्थी कार्यक्रम** सुरुवात गरिने छ।

२९. प्रदेश सरकार र मध्यपश्चिम विश्वविद्यालय साझेदारी (Government Academia Partnership) अन्तर्गत अध्ययन तथा अनुसन्धान र प्राविधिक सहयोगमा सहकार्य गरिने छ। प्रदेशभित्र विपद् व्यवस्थापन, स्वास्थ्य, कृषि, शिक्षालगायत सेवाप्रवाहका क्षेत्रमा कृत्रिम बुद्धिमता (AI) को उपयोग गर्न युवा अनुसन्धानकर्ता तथा विद्यार्थीलाई अनुसन्धान र इन्टर्नसिपको व्यवस्था गरिने छ। उच्च शिक्षालाई गुणस्तरीय र भरपर्दो बनाउन प्रदेश भित्रका सामुदायिक तथा आङ्गिक क्याम्पस सहयोग कार्यक्रमलाई निरन्तरता दिँदै उच्च शिक्षातर्फ सञ्चालन गरिँदै आएको छात्रवृत्ति कार्यक्रमलाई परिमार्जनसहित कार्यान्वयन गरिने छ।

३०. खेल पूर्वाधारको विकासका लागि रणनीतिक स्थानको पहिचान तथा छनोट गरी खेलमैदान निर्माण गरिने छ। कर्णाली प्रदेशमा आयोजना हुने दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालनका लागि सङ्घ सरकारको समन्वयमा पूर्वाधारलगायत आवश्यक तयारी पूरा गरिने छ। स्थानीय तहको सहकार्यमा खेलकुद, योग, व्यायाम, ध्यानलगायतका कार्यक्रम विद्यालय तहसम्म विस्तार गरिने छ।

३१. ग्रामीण क्षेत्रमा उत्पादन र सेवा क्षेत्रमा योगदान गर्ने युवालाई प्रोत्साहन गरिने छ। अन्तर मन्त्रालय समन्वयमा युवामैत्री स्वरोजगार कार्यक्रम सञ्चालन गरिने छ। युवा नेतृत्व विकास, युवा वैज्ञानिक प्रोत्साहन तथा रोजगार अभिवृद्धि कार्यक्रम सञ्चालन गरीने छ। स्थानीय तहको सहकार्यमा रोजगार केन्द्रमार्फत वैदेशिक रोजगारमा जानेहरूको अभिलेखीकरण गर्दै स्वदेशमै रोजगारी सिर्जना गरी आन्तरिक बजारमा जनशक्तिको उपयोग गरिने छ। स्थानीय उत्पादनमा जोड दिदै श्रम बजारमा आवश्यक जनशक्ति उत्पादनको कार्य गरिने छ।

३२. कर्णाली प्रदेशको सांस्कृतिक तथा सभ्यता संरक्षण गर्न भाषा, साहित्य, कला तथा संस्कृति एवम् पुरातात्त्विक सम्पदाको अध्ययन, अनुसन्धान र संरक्षण गरिने छ। सिंजा, दुल्लुलगायतका भाषिक क्षेत्रको अनुसन्धान तथा अभिलेखीकरण गरिने छ। कर्णाली प्रदेश प्रज्ञा प्रतिष्ठान स्थापना गरिने छ। भूर्तिका बाइस देवल, सिंजा र दुल्लु क्षेत्रलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न आवश्यक कार्य गरिने छ।

३३. कर्णालीको प्रसिद्ध देउडालगायतका संस्कृतिलाई जगेर्ना गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ। स्थानीय तहको सहकार्यमा कर्णालीका विभिन्न स्थानलाई चलचित्रको छायाङ्कन क्षेत्रका रूपमा विकास गरिने छ।

**माननीय सदस्यहरू,**

३४. जलविद्युत, जलाशय, सिँचाइ र खानेपानी आयोजनालाई समेटेर एकीकृत जलस्रोत विकास रणनीति तर्जुमा गरिने छ। जलजन्य प्रकोपको जोखिममा रहेका बस्ती, पूर्वाधार तथा खेतीयोग्य जमिनको

पहिचान गरी स्थानीय तहको सहकार्यमा स्थानीय प्रविधिमा आधारित वातावरणमैत्री र सहभागितामूलक संरचना निर्माण गरिने छ।

३५. धान खेती हुने संसारकै सबैभन्दा उच्च स्थान, जुम्लाको छुम उपत्यकामा जलवायु परिवर्तनले बालीको लागि आवश्यक पानीको परिमाण र उत्पादनमा पारेको प्रभावको अध्ययन तथा अनुसन्धान गरी जलवायु अनुकूलित पूर्वाधार निर्माण गरिने छ। प्रदेश राजधानी संरक्षण आयोजना अन्तर्गत बुलबुलेदेखि काँक्रेबिहारसम्मको बहुउद्देश्यीय परियोजना र जुम्ल्याहा मूल ताल बहुउद्देश्यीय आयोजनाको निर्माण कार्य सम्पन्न गरिने छ।

३६. नियमित सिँचाइ सुविधा उपलब्ध गराउनको लागि सिँचाइ प्रणालीको पुनर्निर्माण तथा मर्मत गरिने छ। जलस्रोतको दिगो उपयोग, भूमिगत जल पुनर्भरण, ताल–तलैया संरक्षण र जलाशय निर्माणलाई उच्च प्राथमिकता दिइने छ। आवश्यक अध्ययन तथा सर्वेक्षण गरी भूमिगत जल पुनर्भरणका लागि नमूना परियोजनाहरू अगाडि बढाइनेछ। स्थानीय समुदायको सक्रिय सहभागितामार्फत मूल, नाला र प्राकृतिक जलस्रोतको संरक्षणमा विशेष जोड दिइने छ।

३७. खानेपानी सेवाको स्तरवृद्धि गर्दै क्रमिक रूपमा उच्च स्तरमा पुऱ्याइनेछ। ठूला तथा सहरी खानेपानी आयोजनाहरूमा पानी प्रशोधन प्रणाली निर्माण गरी खानेपानी सुरक्षा योजनालाई अभिन्न अङ्ग बनाउँदै खानेपानी पूर्वाधारलाई सुरक्षित, भरपर्दो, दिगो र वातावरणमैत्री बनाई गुणस्तरीय खानेपानी सेवा तथा सुविधा विस्तार गरिने छ। सञ्चालनमा रहेका तथा नयाँ खानेपानी आयोजनाहरूमा प्राथमिकताका आधारमा गुणस्तर सुधार कार्यक्रमलाई निरन्तरता दिइने छ। खानेपानी क्षेत्रगत सुशासन आयोजना अन्तर्गत तहगत

सरकारको सहलगानीमा सञ्चालित भेरी लिफ्टिङ आयोजना, सुर्खेत र शारदा खानेपानी आयोजना, सल्यानको निर्माण कार्यलाई समयमै सम्पन्न गर्ने गरी तीव्रता दिइने छ।

३८. तहगत सरकारसँग आवश्यक समन्वय गरी जलवायु परिवर्तन तथा विपद् जोखिम विश्लेषणको आधारमा जलवायु उत्थानशील भू-परिधि तथा जीविकोपार्जन कार्यक्रम सञ्चालन गरी खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको विस्तार गरिने छ। तहगत सरकारको समन्वयमा **एक घर एक धारा** अभियानलाई निरन्तरता दिइने छ। सामुदायिक सहभागितामा सरसफाइलाई प्रविधिमैत्री अभियानको रूपमा सञ्चालन गर्दै फोहोर पानी प्रशोधन र सार्वजनिक शौचालय पूर्वाधार विकास गरिने छ।

३९. स्थानीय समुदायद्वारा सञ्चालित ग्रामीण लघु जलविद्युत् आयोजनाहरूको पहिचान गरी प्राथमिकताको आधारमा पुनर्स्थापना तथा मर्मत सम्भार कार्य सञ्चालन गरिने छ। तहगत सरकारको सहकार्यमा राष्ट्रिय ग्रिड बाहेकका क्षेत्रमा अफग्रीड सौर्य, वायु ऊर्जा, लघु तथा साना जलविद्युत् र मिनी ग्रिडमार्फत विद्युत् विस्तार गरिने छ।

४०. सङ्घ सरकारको सहकार्यमा सार्वजनिक निजी साझेदारीमा २० मेगावाट सम्मका जलविद्युत् आयोजना र उच्च हिमाली क्षेत्रमा वायुबाट ऊर्जा उत्पादन गर्न सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडि बढाइनेछ। **कर्णालीको पानी–जनताको लगानी** अभियानमार्फत कर्णाली प्रदेशमा विकसित हुने जलविद्युत आयोजनाहरूमा स्थानीय कर्णालीवासीको सेयर लगानीलाई प्रोत्साहित गर्न पहल, समन्वय र सहजीकरण गरिने छ। जगदुल्ला-ए

लगायतका जलविद्युत् आयोजनाहरूमा प्रदेश सरकारको लगानी गरिने छ। प्रदेशको आर्थिक तथा सामाजिक विकासका लागि निजी लगानी आकर्षित गर्न खानेपानी र नवीकरणीय ऊर्जालाई आधारभूत पूर्वाधारको रूपमा प्राथमिकता दिइने छ।

**माननीय सदस्यहरू,**

४१. वन संवर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्यक्रमलाई प्राथमिकतामा राख्दै **दिगो वन : समृद्ध जीवन**को नीतिका आधारमा प्रदेशलाई काठ दाउरामा आत्मनिर्भर बनाउनुको साथै वन पैदावारको बिक्री वितरणबाट राजस्व सङ्कलनमा वृद्धि गरिने छ। प्रदेश भित्रका सबै सरकारी भवन निर्माणमा कर्णाली प्रदेशकै काठ र स्वदेशी काठहरूबाट उत्पादित वस्तुहरू प्रयोग गर्ने नीति लिइनेछ। कर्णाली प्रदेशका विभिन्न जिल्लाहरूबाट निकासी हुने काष्ठ तथा गैरकाष्ठ वन पैदावारहरूको निकासी कार्यको प्रभावकारी नियमनको लागि **डिजिटल ट्र्याकिङ्ग प्रणाली**को विकास गरिने छ।

४२. हिमाली जिल्लाहरूमा रहेका पाटन तथा खर्कहरूको सहभागितामूलक व्यवस्थापनमार्फत हिमाली पारिस्थितिकीय प्रणालीको संरक्षण तथा पर्यापर्यटन प्रवर्द्धन गर्दै उच्च मूल्यका जडीबुटीहरूको प्रशोधन, दिगो उपयोग तथा मूल्य शृङ्खला अभिवृद्धिबाट स्थानीय समुदायको जीविकोपार्जनमा सुधार गर्दै प्रदेशको आर्थिक समृद्धिमा टेवा पुऱ्याइने छ।

४३. कर्णाली प्रदेशका संरक्षित क्षेत्रबाहिर पाइने विश्वमै दुर्लभ वन्यजन्तुहरू (हिउँ चितुवा, हाब्रे, जङ्गली बिरालो, गिद्ध, कस्तुरी मृग) को संरक्षण गर्दै दुर्लभ वन्यजन्तुहरूको प्रचार-प्रसारबाट

पर्यापर्यटनमार्फत अर्थतन्त्रमा योगदान पुऱ्याउनका लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ। जैविक विविधताका हिसाबले धनी रहेका स्थलहरू लिमी र डोल्पो उपत्यका, रारा क्षेत्र, फोक्सुण्डो ताल क्षेत्र, बुलबुले, कुपिण्डे र बराह ताल आदिको संरक्षण गरिने छ। मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गरी सहअस्तित्व कायम गरी जङ्गली जनावर (बाँदर, बँदेल आदिबाट) हुने क्षतिलाई न्यूनीकरण गर्न अल्पकालीन तथा दीर्घकालीन कार्यक्रम सञ्चालन गरिने छ।

४४. वन डढेलो नियन्त्रणका लागि वन क्षेत्रमा रहेका स्याउला सोत्तर तथा मिचाहा प्रजातिको उपयोग गरी निजी लगानीमा प्राङ्गारिक मल उत्पादनमा जोड दिइने छ। वन डढेलो, वन अतिक्रमणलगायतका वन अपराध नियन्त्रण कार्यहरूलाई प्रविधिमा आधारित बनाउँदै वन संरक्षण कार्यक्रमलाई प्रभावकारी बनाइने छ।

४५. प्रदेशका संवेदनशील नाकामा थप वन चेक पोष्ट निर्माण गरिने छ। व्यावसायिक प्रयोजनको लागि निजी आबादी तथा निजी वनबाट उत्पादन हुने वन पैदावारको छपान, चेकजाँच, कटान, मुछान तथा ओसारपसार कार्यमा डिभिजन वन कार्यालयले गर्ने प्राविधिक सेवा प्रवाहलाई प्रदेश सरकारको राजस्वको दायरामा ल्याइने छ।

४६. कर्णाली प्रदेशमा रहेका सामुदायिक वन उपभोक्ता समूहहरूलाई सक्रिय बनाउँदै सामुदायिक वन उपभोक्ता **समूहहरूको सहकारीकरण** गरिने छ। उपभोक्ता समूहको कोषमा भएको रकमको निश्चित प्रतिशत सहकारीमा जम्मा गरी वन उद्यम एवम् व्यवसाय स्थापना तथा सञ्चालन र विपन्नमुखी आयआर्जन कार्यक्रम परिचालन गरिने छ।

४७. पानीका मुहान तथा जलाधार क्षेत्रको संरक्षण गर्नका लागि कर्णाली प्रदेशका सबै क्षेत्रलाई समेटी उप-जलाधार व्यवस्थापन योजना (Sub-watershed Management Plan) को आधारमा एकीकृत जलाधार व्यवस्थापन कार्यक्रमहरू कार्यान्वयन गरिने छ। वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार तथा वातावरण संरक्षण जस्ता विषयमा भए गरेका अध्ययन अनुसन्धानलाई कार्यान्वयन गरिने छ।

४८. प्रदेशभित्रका राष्ट्रिय तथा सामुदायिक वनभित्रका खोलाखोल्सी व्यवस्थापन गरी ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर सङ्कलन तथा बिक्री वितरणका लागि आवश्यक कानून तर्जुमा गरिने छ। विकास निर्माण र वातावरणबिच सन्तुलन कायम गर्न प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को प्रक्रिया सरलीकरण गर्दै, सोको प्रभावकारी नियमन गर्ने व्यवस्था मिलाइने छ।

४९. प्रदेश वातावरण अनुकूलन कार्ययोजना तर्जुमा गरिने छ। प्रदेशका मुख्य प्रशासनिक संरचनाहरूमा जलवायु अनुकूलन हरियाली वातावरण निर्माण गरिने छ। अन्तर्राष्ट्रिय जलवायु वित्तमा पहुँच सुनिश्चितताको लागि सङ्घीय सरकारसँग समन्वय गरी जलवायु वित्त परिचालन क्षमता तथा लगानी वृद्धि गर्ने परियोजना विकासको लागि आवश्यक कार्य गरिने छ।

५०. स्वच्छ प्रतिस्पर्धात्मक बजार प्रणालीको विकास र उपभोक्ता हित संरक्षणका लागि बजार अनुगमन र नियमनलाई थप प्रभावकारी बनाउँदै लगिने छ। उपभोग्य तथा अत्यावश्यक वस्तु र सेवाको अस्वस्थ प्रतिस्पर्धा, कृत्रिम अभाव सिर्जना, कालोबजारी, कार्टेलिङ्ग,

एकाधिकार र अस्वाभाविक मूल्यवृद्धिलगायतका गैरकानूनी गतिविधिहरूको नियमन तथा नियन्त्रण गर्न आवश्यक कानूनी व्यवस्था गरिने छ। उपभोक्ता हित संरक्षणका लागि सचेतनामूलक कार्यक्रम सञ्चालनमा जोड दिइने छ।

५१. उद्योग तथा व्यवसायको दर्ता, नवीकरण, नियमन सम्बन्धमा देखिएका कानूनी जटिलता हटाउनका लागि सम्बन्धित कानूनमा संशोधन गरिने छ। उद्योग तथा व्यवसाय दर्ता, नवीकरण तथा नियमनको लागि स्थापित सूचना प्रविधिमा आधारित प्रणालीलाई थप सुदृढीकरण गरिने छ। अत्यावश्यक वस्तुहरूको प्रादेशिक माग र आपूर्तिसम्बन्धी सूचना सङ्कलन, विश्लेषण, प्रक्षेपण, मौज्दात अवस्था र आपूर्ति व्यवस्थामा अन्तर प्रादेशिक र स्थानीय तहबिच समन्वय तथा सहकार्य गरिने छ। सङ्घीय सरकारको सम्बन्धित निकायसँग समन्वय गरी खानी तथा खनिज पदार्थको अन्वेषणसम्बन्धी कानून तर्जुमा गरिने छ। प्रादेशिक औद्योगिक क्षेत्र निर्माणको लागि आवश्यक पूर्व तयारीको कार्य गरिने छ।

५२. पर्यापर्यटन, ग्रामीण पर्यटन र होमस्टेलाई प्रवर्द्धन गर्न नागरिकलाई पर्यटनसम्बद्ध रोजगारी, हस्पिटालिटी र रेस्क्युसम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ। स्थानीय युवाहरूलाई ट्रेकिङ्ग गाइड, हस्पिटालिटी, स्थानीय मौलिक वास्तुकला, रैथाने बालीबाट उत्पादित परिकारसम्बन्धी तालिम प्रदान गरिने छ।

५३. कर्णालीको विशिष्टतामा आधारित पर्यटन प्रवर्द्धन गर्न कर्णाली पर्यटन दशक (२०८३/०८४-२०९३/०९४) सुरुवात गरिने छ। **संसारको गन्तव्य नेपालः नेपालको गन्तव्य कर्णाली** भन्ने नारालाई अन्तर्राष्ट्रिय बजार (विशेष गरी भारत र चीन) मा

प्रचारप्रसार गरिनुको साथै पर्यटन सूचना केन्द्रलाई व्यवस्थित बनाइने छ। सहरी सुन्दरता र पर्यापर्यटन प्रवर्द्धन गर्न सम्भावित स्थानमा हरित उद्यान र पार्कहरू निर्माण गरिने छ।

५४. सङ्घीय सरकारको सहकार्यमा सुर्खेत विमानस्थलको विस्तार गरिने छ। दीर्घकालीन आवश्यकता सम्बोधन गर्न प्रादेशिक विमानस्थल निर्माणको लागि सङ्घीय सरकारसँग आवश्यक पहल गरिने छ। सुर्खेत विमानस्थलबाट हिमाली जिल्लाका विमानस्थलमा नियमित हवाइ उडानका लागि सङ्घीय सरकारसँगको समन्वयमा हवाइसेवा प्रदायकलाई सहुलियतका कार्यक्रम सञ्चालन गरिने छ।

५५. निजी रोजगारदाताको साझेदारीमा बजार मागमा आधारित सिप विकास तालिम कार्यक्रम सञ्चालन गर्ने कार्यलाई जोड दिइने छ। **स्टार्टअप कर्जा कार्यक्रम**मार्फत प्रदेशमा नवप्रवर्तनशील सोच भएका युवालाई नयाँ उद्यम विकासको वातावरण निर्माण गरिने छ। बिजनेस इन्क्युबेसन सेन्टर स्थापना तथा सञ्चालनमा सहकार्य गरिने छ। साना तथा मझौलास्तरका उद्यम व्यवसायलाई प्रवर्द्धन गर्न ब्याज अनुदान, सहुलियत तथा प्रोत्साहनका कार्यक्रमलाई निरन्तरता दिइने छ।

५६. सफा कर्णाली अभियान सञ्चालनका साथै कर्णालीको प्राकृतिक विशिष्टता कायम गर्न फोहोरमैला व्यवस्थापन तथा खुला प्लास्टिक प्रयोगमा रोक लगाउने नीति लिइनेछ। डिजिटल प्रदूषण जाँच (Digital Emission Testing) को कार्यलाई निरन्तरता दिइने छ।

**माननीय सदस्यहरू,**

५७. प्रादेशिक सडक सञ्जाल गुरुयोजना अद्यावधिक गरी प्राथमिकीकरण गर्दै दोस्रो पञ्चवर्षीय योजनामा उल्लिखित रणनीतिक सडक,

आर्थिक करिडोर, कृषि सडक तथा पर्यटन पहुँच मार्गको निर्माण, स्तरोन्नति, सुरक्षा र संरक्षणलाई उच्च प्राथमिकता दिइने छ। निर्माणाधीन सडकहरूको कालोपत्रे, स्तरोन्नति, पटके तथा नियमित मर्मत सम्भार कार्यलाई प्राथमिकता दिई सडक सञ्जाललाई सुरक्षित, पहुँचयोग्य, भरपर्दो र दिगो बनाइने छ।

५८. **एक स्थानीय तह-एक सर्वयाम सडक** कार्यक्रम सञ्चालन गरी सडकको पहुँच नपुगेका बाँकी स्थानीय तहको केन्द्रसम्म पक्की सडक निर्माण गर्न प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजनामार्फत सडक तथा सडक पुलहरूलाई उच्च प्राथमिकताको साथ कार्यान्वयन गरिने छ। सर्वयाम सडक पहुँच विस्तार गर्न सङ्घ, स्थानीय तह तथा विकास साझेदारसँग सहकार्य गरिने छ। ग्रामीण सडकहरूको दिगो व्यवस्थापन तथा सडक निर्माणमा हरित प्रविधि, विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकूलन प्रणालीलाई प्रवर्द्धन गरिने छ।

५९. सडक सञ्जालमा पहुँच नपुगेका हिमाली तथा दुर्गम क्षेत्रका बस्ती र स्थानीय तहलाई राष्ट्रिय तथा प्रादेशिक सडक सञ्जालसँग जोड्न कार्यक्रम सञ्चालन गरिने छ। कर्णाली करिडोर, भेरी करिडोर तथा उत्तर-दक्षिण जोड्ने सडकहरूको स्तरोन्नतिका लागि आवश्यक पहल गरिने छ। कृषि उत्पादन, पर्यटन, जडीबुटी तथा ठुला उद्योगसम्म पहुँच जोड्ने सडकलाई **आर्थिक पहुँच मार्ग**को रूपमा विकास गरी कार्यान्वयन गरिने छ।

६०. अन्तरप्रदेश सडक सञ्जाल विस्तार गरी कर्णाली प्रदेशलाई लुम्बिनी, सुदूरपश्चिम र गण्डकी प्रदेशसँग जोड्ने सडक निर्माणलाई प्राथमिकतामा राखिनेछ। पर्यटन प्रवर्द्धन, कृषि बजार पहुँच र

व्यापार विस्तारलाई सहयोग पुग्ने सडक पूर्वाधारलाई प्राथमिकता दिइने छ। जोखिमयुक्त क्षेत्र, नदी तथा खोला पार गर्ने स्थानमा आधुनिक प्रविधियुक्त सडक पुल तथा झोलुङ्गे पुल निर्माणलाई निरन्तरता दिइने छ। **पहिचान भएका तुइनलाई विस्थापन गरी सुरक्षित आवागमन** सुनिश्चित गरिने छ।

६१. सार्वजनिक निजी साझेदारी अवधारणामा आधारित केवलकारलगायतका वैकल्पिक यातायात प्रणालीको सम्भाव्यता अध्ययन तथा लगानी आकर्षण गरिने छ।

६२. यातायात सेवा प्रवाहमा विद्युतीय भुक्तानी, स्मार्ट लाइसेन्स छपाइ र वितरण एवम् सङ्घ सरकारको समन्वयमा एकीकृत यातायात व्यवस्थापन प्रणाली लागु गरिने छ। आधुनिक ट्रायल सेन्टरमा सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षा सञ्चालन गर्ने व्यवस्था मिलाउदै सवारी परीक्षण केन्द्र स्थापनाका लागि समन्वय र सहकार्य गरिने छ। सार्वजनिक सवारी यातायातको वैज्ञानिक रूट निर्धारण र पारदर्शी एकीकृत भाडा दर निर्धारण गरी लागु हुनेछ।

६३. सडक सुरक्षा सुधारको लागि **सुरक्षित सडक अभियान** सञ्चालन गरी पहिचान भएका अत्याधिक दुर्घटनाग्रस्त क्षेत्र (Black Spot) मा सरोकारवाला निकायहरूबिच समन्वय गरी दुर्घटना न्यूनीकरणको लागि आवश्यक व्यवस्था गरिने छ। सुर्खेत, सल्यान, दैलेख, रुकुम पश्चिम भाग र कालिकोट जिल्लामा बढ्दो सडक दुर्घटना न्यूनीकरण गर्न विशेष कार्यक्रम सञ्चालन गरिने छ। यातायात तथा सडक सुरक्षासम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिइने छ।

६४. सुरक्षित र भरपर्दो यातायात सेवाको प्रत्याभूतिका लागि सवारी चालक र परिचालकलक्षित व्यावसायिक सिप विकास, यात्रुसँगको व्यवहार र सवारी मर्मतसम्बन्धी तालिम तथा सचेतना कार्यक्रम सञ्चालन गरिने छ। सार्वजनिक यातायात प्रणालीको नियमित अनुगमन गर्ने व्यवस्था मिलाइने छ।

६५. वातावरण संरक्षण एवम् स्वच्छ ऊर्जालाई प्रवर्द्धन गर्दै पेट्रोलियम खपतमा निर्भरता घटाउन विद्युतीय सार्वजनिक यातायातलाई उच्च प्राथमिकतामा राखिनेछ। विद्युतीय सवारीको रुट सङ्ख्या पहिचान गरी उपयुक्त स्थानमा चार्जिङ स्टेसनहरूको निर्माण र विस्तार गर्न निजी क्षेत्रसँग समन्वय र सहकार्य गरिने छ।

६६. नागरिकको सुरक्षित आवासको हकलाई सुनिश्चित गर्न गरिब, दलित, विपन्न, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायको लागि जनता आवास र विपन्नको घर निर्माण कार्यक्रममार्फत सुरक्षित तथा वातावरणमैत्री आवास निर्माण गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ। जोखिममा रहेका बस्ती लक्षित एकीकृत बस्ती विकास कार्यक्रम सञ्चालन गरिने छ।

६७. २०८२ भदौ २३ र २४ गते भएको आन्दोलनबाट क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माणको कार्यलाई प्राथमिकता दिइने छ। प्रदेश गौरवको आयोजनाको रूपमा रहेको एकीकृत प्रशासनिक भवन निर्माण कार्यलाई तीव्रता दिइने छ। सरकारी भवन तथा सहरी सडकहरूलाई ऊर्जा दक्ष, ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गतामैत्री तथा वातावरणमैत्री मापदण्डअनुसार निर्माण गरिने छ। प्रदेश सरकारको स्वामित्वमा रहेका तथा सरकारका निकायहरूले उपयोग गरिरहेका संरचनाहरूको मर्मत, पुनर्निर्माण र स्तरोन्नति कार्यलाई प्राथमिकता दिइने छ।

६८. वि.सं. २०८० साल कार्त्तिक १७ गते जाजरकोटको रामीडाँडा केन्द्र भई गएको भूकम्पबाट क्षतिग्रस्त भएका सल्यान, रुकुम पश्चिम भाग र जाजरकोट जिल्लामा निर्माण सुरु गरिएका सार्वजनिक विद्यालय र स्वास्थ्य चौकीहरूको पुनर्निर्माणको कार्य सम्पन्न गरिने छ।

६९. **सुरक्षित, दिगो, हरित तथा पहुँचयुक्त पूर्वाधार**को अवधारणाअनुसार प्रदेशको भौतिक पूर्वाधार विकासलाई आर्थिक समृद्धि, सामाजिक समावेशीता र क्षेत्रीय सन्तुलनसँग आबद्ध गर्दै कार्यान्वयन गरिने छ। वीरेन्द्रनगर, नारायण, दुनै र चन्दनाथ नगरपालिकालाई हरित, स्मार्ट तथा व्यवस्थित सहरको रूपमा विकास गर्न चक्रपथ, ढल व्यवस्थापन, सडक बत्ती, सार्वजनिक यातायात तथा एकीकृत सहरी पूर्वाधार निर्माणलाई सङ्घ र स्थानीय तहको समन्वयमा प्राथमिकताकासाथ कार्यान्वयन गरिने छ।

७०. निर्माण सामग्री परीक्षण तथा गुणस्तर नियन्त्रण प्रणालीलाई सुदृढ बनाइने छ। सुर्खेतमा रहेको प्रदेशस्तरीय निर्माण सामग्री परीक्षण प्रयोगशालालाई आधुनिक प्रविधिसहित स्तरोन्नति गर्दै अन्य जिल्लामा समेत गुणस्तर परीक्षण सेवा विस्तार गरिने छ।

**माननीय सदस्यहरू,**

७१. प्रदेशका मन्त्रालय तथा अन्य प्रशासनिक निकायको कार्यविभाजन, कार्यविशिष्टीकरण, कार्यबोझ तथा कार्यचाप अनुकूल हुने गरी चुस्त र नागरिकमैत्री बनाउन प्रशासनिक पुनर्संरचनालाई प्राथमिकता दिइने छ। सीमित र दोहोरो कार्यक्षेत्र भएका निकायहरू एकआपसमा गाभ्ने, खारेज गर्ने वा पुनर्संरचना गरिने छ।

७२. प्रदेश र स्थानीय तहको साझा अधिकार क्षेत्रका समन्वय सम्बन्धमा देखिएका कानूनी जटिलता पहिचान गरी समाधानको नीति लिइनेछ। हाल प्रचलनमा रहेका प्रदेश कानूनहरूलाई थप कार्यान्वयनयोग्य र नतिजामुखी बनाउन आवश्यकता र औचित्यको आधारमा परिमार्जन, संशोधन गर्नुका साथै कानून तर्जुमालाई प्राथमिकता दिइने छ। प्रदेश सरकारका नीति, कानून तर्जुमा गर्दा पारदर्शी, सहभागितामूलक र तथ्यमा आधारित बनाइने छ। स्थानीय तहको कानून तर्जुमा तथा न्यायिक समितिलाई सक्षम र सबल बनाउन समन्वय र सहजीकरण गरिने छ।

७३. कर्णाली प्रदेशमा ज्ञान, अनुसन्धान, नवप्रवर्तन तथा नीति अनुसन्धानका लागि, प्राज्ञिक तथा निजी क्षेत्रसँग सहकार्य गर्दै बहुआयामिक क्षेत्रमा सुझाव र सल्लाह प्रदान गर्न क्षेत्रगत विज्ञ समूह (Roster/Think Tank) बनाइने छ।

७४. डिजिटल कन्टेन सिर्जनामा सक्रिय युवा पुस्ताको क्षमता अभिवृद्धि गर्दै मित्थ्या र भ्रामक सूचना न्यूनीकरण गर्न युवा परिलक्षित कार्यक्रम सञ्चालन गरिने छ। मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्न मानव अधिकार र कानूनी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ।

७५. स्थानीय र प्रादेशिक सञ्चार माध्यमको प्रवर्द्धन गर्न लोककल्याणकारी विज्ञापनलाई थप व्यवस्थित गरिने छ। आमसञ्चार र पत्रकारिता विषयमा छात्रवृत्ति, पुरस्कार र क्षमता अभिवृद्धिलगायतका कार्यक्रम सञ्चालन गरिने छ। कर्णाली प्रदेशमा कार्यक्षेत्र बनाई कार्यक्रम सञ्चालन गर्ने विकास साझेदार तथा गैरसरकारी सङ्घ संस्थाहरूलाई प्रदेशको नीति, योजना र कार्यक्रमसँग आबद्ध गर्दै प्रदेशको प्राथमिकताका क्षेत्रमा परिचालन गरिने छ।

७६. विपद् जोखिम सामूहिक दुर्घटना बीमाले समेट्ने जोखिम क्षेत्रको दायरा विस्तार गरिने छ। स्थानीय तहको लागत साझेदारीमा घर बीमा कार्यक्रमलाई पुनर्संरचना गरी सञ्चालन गरिने छ। विपद् व्यवस्थापनका लागि यस क्षेत्रमा कार्य गर्ने विकास साझेदार तथा सामाजिक सङ्घसंस्थासँग सहकार्य गर्दै प्रभावकारी रूपमा परिचालन गरिने छ। विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनस्थापनामा प्रदेश सरकारका तर्फबाट लागत साझेदारी गरिने छ।

७७. आगजनीजन्य विपद् रोकथाममा स्थानीय तहको भूमिकालाई प्रभावकारी बनाउन दमकलको आवश्यकता भएका र सञ्चालन सामर्थ्य तथा प्रतिबद्धता गर्ने स्थानीय तहलाई दमकल सहयोग गरिने छ। जिल्ला विपद् व्यवस्थापन समितिको कार्यलाई थप प्रभावकारी बनाउन विपद् सामग्री खरिदका लागि सहयोग गरिने छ।

७८. सशस्त्र सङ्घर्ष, जनआन्दोलन तथा कर्णाली प्रदेश प्राप्तिको आन्दोलनको क्रममा घाइते र अपाङ्गता भएका व्यक्तिको लागि उपलब्ध गराउँदै आएको जीवन निर्वाह भत्ता र सहिद वा वेपत्ता परिवारलाई प्रदान गरिदै आएको सहिद स्मृति भत्तालाई निरन्तरता दिँदै घाइते तथा अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य उपचार र संरक्षणसम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ।

७९. स्थानीयस्तरमा रोजगारी सिर्जना गर्न तथा आय आर्जनका क्रियाकलाप सञ्चालन गर्दै गरिबी निवारणमा योगदान पुऱ्याउन **मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम**लाई निरन्तरता दिइने छ।

८०. सेवा प्रवाह र विकास निर्माणमा नागरिकका गुनासो सुनुवाइ गर्न मासिक रूपमा **मुख्यमन्त्रीसँग नागरिक संवाद कार्यक्रम** सुरुवात गरिने छ। जनगुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउन हेल्लो मुख्यमन्त्री हटलाइन सेवामार्फत जनगुनासो द्रुत समाधान प्रणालीको विकास गरिने छ।

८१. कर्णाली प्रदेश र स्थानीय तहबिच सहकार्य, सहअस्तित्व र समन्वयलाई सुदृढ गर्न प्रदेश समन्वय परिषद्, कर्णाली विकास परिषद्लगायतका संरचनालाई प्रभावकारी बनाइने छ। प्रदेश सभा सदस्यहरूको विधायिकी क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ। प्रदेशमा बनेका प्रत्यायोजित विधायनहरूको उत्तरविधायिकी परीक्षण गरिने छ।

८२. प्रदेशभित्र शान्ति सुरक्षा कायम तथा सडक सुरक्षाका लागि प्रहरीका भौतिक पूर्वाधार संरचना र अन्य आवश्यक सहयोग, समन्वय र सहकार्य गरिने छ। सङ्घ सरकारको समन्वयमा कर्णाली प्रदेशको उत्तरी सीमा हिल्सा नाकामा सशस्त्र प्रहरी बल नेपालका लागि बहुउद्देश्यीय भवनलगायतका भौतिक पूर्वाधार निर्माण गरिने छ।

८३. प्रदेश सरकार अन्तर्गतका सबै निकायहरूमा विद्युतीय हाजिरी प्रणाली अनिवार्य गरिने छ। सरकारी एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) लागु गर्दै लगिनेछ। सेवाग्राहीको दैनिक रूपमा चाप हुने निकायमा एकद्वार सेवा प्रवाह प्रणालीको विकास र विस्तार गर्दै लगिनेछ। प्रदेश कर्मचारी अभिलेखालयको सुदृढीकरण गरी प्रदेशको सङ्गठन संरचना अनुसारका पद दर्ताको कार्य अगाडि बढाइनेछ।

८४. प्रदेश सरकार मातहतका निकायहरूको व्यवस्थापन परीक्षण सुरु गरिने छ। प्रदेश सरकार र स्थानीय तहका कर्मचारीका लागि सेवा प्रवेश, सेवाकालीन तालिम तथा अन्य क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने छ। कर्मचारीको मनोबल उच्च बनाउन कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीको सुरुवात गरिने छ। कर्मचारीको सामाजिक सुरक्षा सुनिश्चितताका लागि योगदानमा आधारित निवृत्तिभरणसम्बन्धी कानून तर्जुमा गरिने छ।

**माननीय सदस्यहरू,**

८५. सङ्घीयताको मर्मअनुरूप स्थानीय तहमा वित्तीय स्वायत्तता प्रदान गर्न वित्तीय हस्तान्तरण अन्तर्गत वित्तीय समानीकरण अनुदानको रकम वृद्धि गरिने छ। मागमा आधारित रही सन्तुलित तथा समन्यायिक हुने गरी समपूरक र विशेष अनुदान हस्तान्तरण गरिने छ। स्थानीय तहको सहभागिता, आवश्यकता र कार्य क्षमताअनुरूप ससर्त अनुदान हस्तान्तरण गरिने छ।

८६. वित्तीय व्यवस्थालाई प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणाली लागु गरिने छ। आन्तरिक लेखा परीक्षण प्रणालीलाई थप सुदृढ गरिने छ। महालेखापरीक्षक कार्यालय, कर्णाली प्रदेश सभाको सार्वजनिक लेखा समिति र प्रदेश सरकारका निकायबिच निरन्तर समन्वय गर्दै बेरुजु फर्स्यौटलाई प्राथमिकतामा राखी शून्य बेरूजु अभियानमार्फत वित्तीय सुशासन प्रवर्द्धन गरिने छ।

८७. चालु तथा प्रशासनिक खर्चमा मितव्ययिता अपनाई उच्च र दिगो प्रतिफलमुखी आयोजनामा मात्र वित्तीय लगानी केन्द्रित गरी अर्थतन्त्रलाई चलायमान र विस्तार गर्दै आय, उत्पादन र रोजगारी

बढाइनेछ। बजेट खर्च गर्ने निकाय र क्रियाकलाप नतोकी मन्त्रालय तथा अन्य निकायमा अवण्डामा बजेट राख्ने प्रवृत्तिलाई निरुत्साहित गरी सीमित स्रोतको न्यायोचित र उच्चतम उपयोग हुने गरी स्रोतको प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरिने छ। विनियोजित बजेटको पारदर्शिता बढाउन योजना र कार्यान्वयनसँग सम्बन्धित विषय अनिवार्य रूपमा सम्बन्धित कार्यालयबाट सार्वजनिक गरिने छ।

८८. निर्माण सम्पन्न भई उचित प्रतिफल दिन सक्ने अधुरा तथा क्रमागत आयोजनाका लागि निर्माण पुरा गर्न आवश्यक लागत रकम यकिन गरी पर्याप्त बजेट व्यवस्था गरिने छ। बहुवर्षीय र स्रोत सुनिश्चितता प्राप्त आयोजनाहरू सम्पन्न हुने गरी प्राथमिकताका आधारमा रकम विनियोजन गरेर मात्र नयाँ आयोजनामा रकम विनियोजन गरिने छ। स्थानीय तहबाट कार्यान्वयन गर्दा बढी प्रतिफलमुखी र प्रभावकारी हुने साना आयोजनाहरू वित्तीय हस्तान्तरण गर्ने व्यवस्था मिलाइने छ। प्रदेश सरकारले कार्यान्वयन गर्ने आयोजनाको सङ्ख्या क्रमशः घटाउँदै ठुला र रणनीतिक आयोजनाहरू कार्यान्वयन गर्ने नीति लिइनेछ।

८९. प्रदेशको आर्थिक सामाजिक विकासमा महत्त्वपूर्ण योगदान दिन सक्ने आयोजनाको पहिचान तथा विकास गरी त्यस्ता आयोजनालाई प्रदेश गौरव तथा प्राथमिकता प्राप्त आयोजनाका रूपमा कार्यान्वयन गरिने छ। आयोजना प्रस्ताव तथा छनोटसम्बन्धी कार्यविधिले निर्धारण गरेको प्रक्रिया अनुसार छनोट भई आयोजना बैङ्क प्रणालीमा समावेश भएका आयोजनामा मात्र रकम विनियोजन गर्ने व्यवस्थालाई कडाइका साथ लागु गरी आयोजना बैङ्क प्रणालीलाई

आवश्यकता अनुसार अद्यावधिक गर्दै थप व्यवस्थित र प्रणालीबद्ध गरिने छ।

९०. स्थानीय तहबाट प्रदेशलाई प्राप्त हुने राजस्व प्रदेश सञ्चित कोषमा प्राप्तिको लागि समन्वय र सहकार्य गरिने छ। स्थानीय तहको क्षमता अभिवृद्धि गर्दै विज्ञापन कर, मनोरञ्जन कर, पर्यटन शुल्क तथा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर, बहत्तरको सङ्कलन तथा बिक्रीबाट उठ्ने राजस्व सङ्कलनमा वृद्धि गरिने छ। प्रमुख पर्यटकीय स्थल तथा मेला महोत्सव र चलचित्र तथा होडिङ्ग बोर्डहरूबाट स्थानीय तहले गरेको राजस्व सङ्कलन तथा बाँडफाँटको नियमित अनुगमन गरिने छ।

९१. प्रदेशको कराधिकारको क्षेत्रको संरक्षण र करको दायरा विस्तार गर्दै कर तिर्ने संस्कृतिको विकास गरिने छ। प्रदेशको थप आन्तरिक राजस्व स्रोतको विस्तारका लागि भएका सम्भाव्यता अध्ययनको कार्यान्वयन गरिने छ।

९२. विकास, नीति तथा योजनाको कार्यान्वयनमा उत्तरदायित्व तथा जवाफदेहिता प्रवर्द्धन गरी लागत प्रभावकारिता अभिवृद्धि गर्नका लागि अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कानून तर्जुमा गरिने छ। प्रदेशको नीति तथा कार्यक्रम, बजेट र आयोजनाको प्रभावकारी कार्यान्वयन गर्न बनेका अनुगमन संयन्त्रलाई क्रियाशील बनाइने छ। प्रदेश गौरव, बहुवर्षीय र स्रोत सुनिश्चितता प्राप्त आयोजनाहरूको वित्तीय र भौतिक प्रगति कर्णाली प्रदेश अनुगमन प्रणालीमा नियमित रूपमा अद्यावधिक गर्ने व्यवस्था मिलाइने छ। विभिन्न निकायहरूबाट हुने भ्रमण तथा अनुगमनका क्रियाकलापहरूको समेत अनुगमन गर्ने व्यवस्था मिलाइने छ।

९३. योजना छनोट, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनलाई मुख्य कार्यसम्पादन सूचक (Key Performance Indicator) मा आधारित बनाई पारदर्शी तथा उत्तरदायी प्रणाली अवलम्बन गरिने छ। आयोजना बैङ्क प्रणालीमार्फत आयोजना छनोट, प्राथमिकीकरण तथा अनुगमनलाई व्यवस्थित गरिने छ। आयोजना कार्यान्वयनमा पारदर्शिता, गुणस्तर नियन्त्रण तथा समयबद्धता सुनिश्चित गरिने छ।

**माननीय सभामुख,**
**माननीय सदस्यहरू,**

९४. मैले प्रस्तुत गरेको नीति तथा कार्यक्रम कार्यान्वयनबाट कर्णालीवासीको विकास, समृद्धि, सामाजिक न्याय र सुशासनप्रतिको तीव्र आकाङ्क्षा सम्बोधन भई समावेशी, सन्तुलित र दिगो विकास हुने तथा आर्थिक वृद्धिमार्फत आत्मनिर्भर अर्थतन्त्र निर्माण हुने विश्वास लिएको छु।

९५. अन्त्यमा, नीति तथा कार्यक्रम तर्जुमा गर्न महत्त्वपूर्ण सुझाव र सल्लाह दिनुहुने सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दै यस नीति तथा कार्यक्रमलाई नतिजामुखी हुने गरी कार्यान्वयन गर्न सहकारिता, समन्वय र सहअस्तित्वको संविधानको मर्म अनुरूप सङ्घ, स्थानीय तह, प्रदेश सभाका माननीय सदस्यहरू, निजी क्षेत्र, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, सञ्चार जगत्, आम नागरिक, विकास साझेदार, गैरसरकारी संस्थालगायत सम्बद्ध सबै पक्षको सहयोग प्राप्त हुने अपेक्षा गरेको छु।

**धन्यवाद !**

कर्णाली प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल


वेब : http://ocmcm.karnali.gov.np

इमेल : ocmcm@karnali.gov.np, ocmcmkarnali@gmail.com

फेसबुक : ocmcm.karnali

ट्वीटर : @ocmcm_karnali

हटलाइन : 1096

गुनासो : hellocm.karnali.gov.np

प्रदेश पोर्टल : http://karnali.gov.np